नेपाल सरकार
# राष्ट्रिय योजना आयोग

पत्र संख्याः २०८३।८४
चलानी नं.: प्रेस नोट नं: ०३

सिंहदरबार, काठमाडौं

## प्रेस नोट

आज मिति २०८३ साल साउन २१ गते राष्ट्रिय योजना आयोगमा राष्ट्रिय विकास समस्या समाधान समिति बैठकको पूर्वतयारीको सन्दर्भमा सोहौं योजना कार्यान्वयन, अर्थतन्त्रको वर्तमान अवस्था तथा आगामी कार्यदिशा लगायतका विषयमा सम्बन्धित विषय क्षेत्रगत मन्त्रालय र निजी क्षेत्रबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा सोहौं योजनाले लिएका लक्ष्य तथा कार्यान्वयनको अवस्था एवम् सरकारको वार्षिक ७ प्रतिशतको आर्थिक वृद्धि तथा १०० बिलियन अमेरिकी डलरको अर्थतन्त्र निर्माणका लक्ष्य हासिल गर्न सरकारले गर्नुपर्ने नीतिगत तथा कानूनी सुधार लगायतका विषयमा छलफल भएको थियो। साथै, निजी क्षेत्रका छाता संस्थाका पदाधिकारी तथा प्रतिनिधिहरूले मर्यादित व्यवसायिक वातावरण एवम् व्यवसायिक सुरक्षाको प्रत्याभूति लगायतका पक्षमा जोड दिनुभयो। सार्वजनिक तथा निजी निर्माण, निजी क्षेत्रको लगानी परिचालन, वित्तीय स्रोतको उपयोग र तरलता व्यवस्थापन लगायतका विषयमा समेत छलफल भएको थियो। बैंक तथा वित्तीय क्षेत्रका प्रतिनिधिहरूले आर्थिक गतिविधिमा आएको सुस्तता तथा कमजोर मागको कारण कर्जा तथा लगानी विस्तारमा न्यूनता र खराब कर्जा वृद्धि लगायतका समस्या उल्लेख गर्दै व्यवसायीहरूको मनोबल अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुभएको थियो।

राष्ट्रिय योजना आयोग माननीय उपाध्यक्ष डा. गुणाकर भट्टले ७ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न बाह्य क्षेत्र तथा वित्तीय क्षेत्रको स्थिति सन्तोषजनक अवस्थामा रहेको भएता पनि उच्च आर्थिक बृद्धि हासिल गर्न निजी क्षेत्रको प्रधान भूमिका रहेकोले वास्तविक क्षेत्रका कृयाकलाप विस्तार हुनुपर्नेमा जोड दिनुभयो। मा. उपाध्यक्षले राष्ट्रिय योजना आयोगले अन्तर मन्त्रालय तथा क्षेत्रगत समन्वय गर्दै निजी क्षेत्र र सरकारबीच समस्या समाधानको सेतुको काम गर्ने र छलफलमा निजी क्षेत्रको तर्फबाट उठान गरिएका विषयवस्तुलाई आगामी राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा प्रस्तुत गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो। कार्यक्रममा आयोगका सहसचिव श्री खोमराज कोइरालाले सोहौं योजना कार्यान्वयन, समष्टिगत आर्थिक अवस्था तथा निजी क्षेत्रको भूमिका सम्बन्धमा प्रस्तुती तथा सहजीकरण गर्नुभयो।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल घरेलु तथा साना उद्योग महासंघ, महिला उद्यमी महासंघ लगायतका निजी क्षेत्रका छाता संस्थाको प्रतिनिधित्व रहेको थियो। साथै, बैंक तथा वित्तीय क्षेत्रका नेपाल बैंकर्स संघ, विकास बैंकर्स संघ, नेपाल वित्तीय संस्था संघ, लघुवित्त बैंकर्स संघ, बैंक तथा वित्तीय संस्था परिसंघ लगायतका संस्थाको प्रतिनिधित्व रहेको थियो। कार्यक्रममा आयोगका माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लगायत निजी क्षेत्रसँग प्रत्यक्ष रूपमा सम्बन्धित विषय क्षेत्रगत मन्त्रालयका सचिवज्यू तथा अन्य पदाधिकारीहरूको सहभागिता रहेको थियो।

(विष्णु प्र. सापकोटा)
कार्यक्रम निर्देशक एवम् सूचना अधिकारी

मिति २०८३ साउन २१ गते बिहीबार